# नेपाल राष्ट्र बैङ्क कार्य व्यवस्था नियमावली, २०५९

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ११० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल राष्ट्र बैङ्क कार्य व्यवस्था नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।♣

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "बैङ्क" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैङ्कको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैङ्कको गभर्नर सम्झनु पर्छ ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ३३ को उपदफा (१) बमोजिम गठन भएको बैङ्कको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "अध्यक्ष" भन्नाले व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ज) "सदस्य–सचिव" भन्नाले व्यवस्थापन समितिको सदस्य–सचिव सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले गभर्नरले समय समयमा तोकिदिएका बैङ्कका विभाग तथा कार्यालय सम्झनु पर्छ ।

३. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैङ्कको प्रशासन र सञ्चालनको सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने,

(ख) देशको मौद्रिक स्थितिको सम्बन्धमा अध्ययन र मूल्याङ्कन गर्ने,

(ग) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको नियमन तथा सुपरीवेक्षण नीति सञ्चालनका सम्बन्धमा

---

♣ श्री ५ को सरकारबाट मिति २०५९।११।२७ मा स्वीकृत भई प्रारम्भ भएको ।

बैङ्कबाट भए गरेका काम कारबाहीको अध्ययन तथा मूल्याङ्कन गर्ने,

(घ) मुलुकको बैकिङ्ग तथा वित्तीय प्रणालीको स्वस्थता कायम राख्ने सम्बन्धमा वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको संचालन र काम कारबाहीको अध्ययन तथा मूल्यांङ्कन गर्ने,

(ङ) मुद्रा बजार तथा पूँजी बजार सम्बन्धी गतिविधिहरूको अध्ययन तथा मूल्याङ्कन गर्ने,

(च) विदेशी विनिमय कारोबार र विदेशी मुद्राहरूसँगको नेपाली रुपैयाँको विनिमय दरको सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने,

(छ) बैङ्कले अवलम्बन गरेको मौद्रिक, विदेशी विनिमय र पूँजी बजार सम्बन्धी नीतिको कार्यान्वयन भए नभएको र त्यस्तो नीतिले मुलुकको बैकिङ्ग प्रणालीमा पारेको वा पार्न सक्ने प्रभाव र सो सम्बन्धी महत्वपूर्ण घटनाहरूका सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने,

(ज) स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न बैङ्कले अवलम्बन गरेका नीतिहरूको अध्ययन तथा मूल्याङ्कन गर्ने,

(झ) समितिले सुम्पेका विषयहरूका सम्बन्धमा अध्ययन तथा मूल्याङ्कन गर्ने ।

(२) व्यवस्थापन समितिले उप-नियम (१) मा उल्लिखित विषयहरुको अध्ययन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रत्येक महिना समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) व्यवस्थापन समितिलाई उप-नियम (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायको काम, कर्तव्य र अधिकार प्राप्त हुनेछः-

(क) अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण तथा सोको व्यवस्थापनका लागि बैङ्कले अवलम्बन गर्नु पर्ने नीतिगत सिफारिस समिति समक्ष पेश गर्ने,

(ख) बैकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व र तरलतालाई प्रवर्द्धन गर्न आवश्यक नीतिगत सिफारिस समिति समक्ष पेश गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्नका लागि बैङ्कले अवलम्बन गर्नुपर्ने नीतिगत सिफारिस समिति समक्ष पेश गर्ने,

(घ) बैकिङ्ग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण र सुपरिवेक्षणका सम्बन्धमा बैङ्कले अवलम्बन गर्नुपर्ने नीतिगत सिफारिस समिति समक्ष पेश गर्ने,

(ङ) नेपाल अधिराज्यको समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नको

लागि बैङ्कले अवलम्बन गर्नुपर्ने नीतिगत सिफारिस समिति समक्ष पेश गर्ने,

(च) गभर्नरले आफ्नो कार्य सम्पादनको सिलसिलामा व्यवस्थापन समितिबाट निर्णय गराउन आवश्यक ठानेका विषयहरू उपर निर्णय गर्ने ।

४. <u>व्यवस्थापन समितिले विवरण माग्न सक्ने:</u> (१) व्यवस्थापन समितिले नियम ३ बमोजिम अध्ययन तथा मूल्याङ्कन गर्ने सम्बन्धमा सोसँग सम्बन्धित विवरणहरू बैङ्कका सम्बन्धित विभाग, वाणिज्य बैङ्क तथा वित्तीय संस्था र सम्बन्धित निकायसँग माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम व्यवस्थापन समितिले माग गरेका विवरणहरू व्यवस्थापन समितिलाई उपलब्ध गराउने कर्तव्य बैङ्कका सम्बन्धित विभाग, बाणिज्य बैङ्क तथा वित्तीय संस्था र सम्बन्धित निकायको हुनेछ ।

५. <u>व्यवस्थापन समितिको बैठक:</u> (१) व्यवस्थापन समितिको बैठकको अध्यक्षता गभर्नरले गर्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ ।

तर महिनाको कम्तीमा एकपटक व्यवस्थापन समितिको बैठक बस्नु पर्नेछ ।

(३) व्यवस्थापन समितिको बैठक अध्यक्षको आदेशले सदस्य-सचिवले बोलाउनेछ ।

(४) व्यवस्थापन समितिको बैठक सञ्चालन गर्ने, माइन्यूट राख्ने र अन्य कार्यविधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

६. <u>अध्यक्ष तथा सदस्यहरूको वैठक भत्ता:</u> अध्यक्ष तथा सदस्यहरूले समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउने छन् ।

७. <u>उप-समिति गठन गर्न सक्ने:</u> (१) व्यवस्थापन समितिको काममा सघाउ पुऱ्याउन अध्यक्षले आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ र त्यसरी गठन गरिएको उप-समितिको काम, कर्तव्य, अधिकार र कार्याविधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएको उप-समितिका संयोजक तथा सदस्यहरूले अध्यक्षले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

८. <u>सदस्य-सचिवको काम तथा कर्तव्य:</u> (१) सदस्य-सचिवले अध्यक्षको मातहतमा रही निजले तोकेको कार्य गर्नेछ ।

(२) उप-नियम (१) को अधीनमा रही सदस्य-सचिवको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ:-

(क) व्यवस्थापन समितिले गरेका निर्णयको माईन्यूट सुरक्षितसाथ राख्ने,

(ख) व्यवस्थापन समितिले गरेका निर्णय वा निर्देशनको जानकारी बैङ्कका सम्बन्धित विभाग, वाणिज्य बैङ्क तथा वित्तीय संस्था वा सम्बन्धित निकायलाई गराउने,

(ग) व्यवस्थापन समितिबाट समय-समयमा भएका निर्णय वा निर्देशनको कार्यान्वयन गर्ने गराउने,

(घ) नियम ३ को उपनियम (१) बमोजिम अध्ययन तथा मूल्याङ्कनको निमित्त आवश्यक पर्ने सूचना, तथ्याङ्क, विवरण, जानकारी वा कागजात सम्बन्धित निकायबाट माग गर्ने तथा लिने,

(ङ) नियम ३ को उपनियम (२) बमोजिमको प्रतिवेदन तयार गरी व्यवस्थापन समिति समक्ष पेश गर्ने ।

९. <u>बैङ्कले आफूसँग वा अन्य संस्थाको खातामा रहेको रकमबाट आफ्नो कर्जा असुल उपर गर्न सक्ने:</u> ऐनको दफा ६ बमोजिम ऋणीबाट कर्जा असुल उपर गर्ने प्रयोजनको लागि बैङ्कको अग्राधिकार कायम रहेको कुनै कर्जा वापत बैङ्कले आफू कहाँ रहेको ऋणीको खाताबाट वा कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा रहेको ऋणीको खाता रोक्का गराई त्यस्तो खाताबाट आफ्नो ऋणको साँवा ब्याज असुल उपर गर्न सक्नेछ ।

१०. <u>बैङ्कले चल वा अचल सम्पत्ति कब्जा गरी आफ्नो कर्जा असुल उपर गर्नसक्ने:</u> (१) ऐनको दफा ६ बमोजिम ऋणीबाट कर्जा असुल उपर गर्ने प्रयोजनको लागि बैङ्कको अग्राधिकार कायम रहेको चल वा अचल सम्पत्तिलाई बैङ्कले आफ्नो कब्जामा लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आफ्नो कब्जामा रहेको चल वा अचल सम्पत्ति बैङ्कले आफ्नो साँवा ब्याज असुल उपर गर्ने प्रयोजनको लागि लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी आफ्नो कर्जा असुल उपर गर्न सक्नेछ ।

(३) बैङ्कबाट कर्जा लिएको ऋणीले बैङ्कमा सुरक्षण स्वरुप राखेको चल वा अचल सम्पत्तिमा कुनै किसिमले हक छाडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो सुरक्षणको मूल्य घट्न गएमा बैङ्कले त्यस्तो ऋणीबाट आफूले तोकेको म्यादभित्र थप सुरक्षण राख्न लगाउन सक्नेछ । बैङ्कले तोकेको म्यादभित्र ऋणीले थप सुरक्षण राख्न नसकेमा बैङ्कले आफ्नो साँवा ब्याज बैङ्कमा राखेको सुरक्षण लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी असुल उपर गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम बैङ्कले लिलाम बिक्री गरी असुल उपर गर्दा त्यस्तो सुरक्षणबाट बैङ्कको साँवा ब्याजको पूरा रकम असुल उपर हुन नसकेमा ऋणीको अरु जाय जेथाबाट बैङ्कले लिलाम बिक्री गरी असुल उपर गर्न सक्नेछ ।

(५) यस नियम बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असुल उपर गरी आएको रकमलाई लिलाम बिक्री वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र बैङ्कको साँवा ब्याजको रकम कट्टा गरी बाँकी रहन आएमा त्यस्तो बाँकी रकम सम्बन्धित ऋणीलाई फिर्ता दिइनेछ ।

(६) यस नियम बमोजिम बैङ्कले लिलाम बिक्री गर्दा लिलाममा सकार्ने व्यक्तिको नाउँमा सो चल वा अचल सम्पत्ति प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनको लागि बैङ्कले सम्बन्धित सरकारी कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(७) उपनियम (६) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेजीको लागि बैङ्कबाट लेखी आएमा सम्बन्धित सरकारी कार्यालयले पनि रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(८) यस नियम बमोजिम बैङ्कले लिलाम बिक्री गर्दा कसैले नसकारेमा बैङ्कले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयले बैङ्कको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहेको श्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

(९) उपनियम (७) वा (८) बमोजिम दाखिल खारेज भएपछि सम्बन्धित व्यक्ति वा बैङ्कले आफ्नो सम्पत्ति भोग चलन गर्न जाँदा सो सम्पत्ति छाडिदिनु पर्नेले आलटाल, अटेर वा जवर्जस्ती गरेको उजुरी परेमा प्रचलित कानून बमोजिम उक्त सम्पत्ति चलन चलाई दिनु पर्नेछ ।

११. <u>अन्य सुरक्षणपत्र तोक्ने</u>: ऐनको दफा ४९ को उपदफा (१) को खण्ड (ङ) को प्रयोजनका लागि देहायका अन्य सुरक्षणपत्रहरू तोकिएका छन्:-

(क) बाणिज्य बैङ्क वा वित्तीय संस्थाले ऋण प्रदान गर्दा ऋणीलाई गराएका बैङ्कलाई मान्य हुने तमसुकहरू,

(ख) बाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका बैङ्कलाई मान्य हुने बण्ड वा डिवेन्चरहरू ।

१२. <u>निक्षेप लिन वा कर्जा दिन स्वीकृत लिनु पर्ने</u>: (१) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै पनि प्रकारको निक्षेप लिन वा कर्जा दिन बाणिज्य बैङ्क तथा वित्तीय संस्था तथा अन्य सम्बन्धित प्रचलित कानून बमोजिम स्वीकृतिका लागि बैङ्कमा निवेदन दिनु पर्नेछ ।

(२) यस्तो स्वीकृति प्रदान गर्दा बाणिज्य बैङ्क तथा वित्तीय संस्था तथा अन्य सम्बन्धित प्रचलित कानून बमोजिम बैङ्कले आवश्यक शर्तहरू निर्धारण गर्न सक्नेछ ।

१३. **इजाजतपत्र लिनु पर्ने**: (१) बैङ्क तथा वित्तीय कारोवार गर्नका लागि बाणिज्य बैङ्क तथा वित्तीय संस्थाले बाणिज्य बैङ्क तथा वित्तीय संस्था तथा अन्य सम्बन्धित प्रचलित कानून बमोजिम इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ ।

(२) यस्तो इजाजतपत्र प्रदान गर्दा बाणिज्य बैङ्क तथा वित्तीय संस्था तथा अन्य सम्बन्धित प्रचलित कानून बमोजिम बैङ्कले आवश्यक शर्तहरू निर्धारण गरी इजाजतपत्र प्रदान गर्न सक्नेछ ।

१४. **खारेजी:** (१) देहायका नियमहरू खारेज गरिएका छन:-

(क) नेपाल राष्ट्र बैङ्क, सामान्य नियमहरू, २०२४

(ख) नेपाल राष्ट्र बैङ्क, बैङ्क कागजात धुल्याउने नियम, २०२९

(ग) नेपाल राष्ट्र बैङ्क, कर्मचारी नियमावली, २०४९

(घ) नेपाल राष्ट्र बैङ्क (नगद सम्बन्धी) नियमहरू, २०५४

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियममा लेखिएका नियमहरू समितिले सूचना प्रकाशन गरी तोकेको मितिदेखि मात्र खारेज हुने छन् ।

नेपाल राष्ट्र बैंकको प्रयोजनकोलागि मात्र

# नेपाल राष्ट्र बैङ्क कार्य व्यवस्था नियमावली
# २०५९

नेपाल राष्ट्र बैङ्क
केन्द्रीय कार्यालय
कानून विभाग
२०५९